सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलीचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१
च.नं.: 2203

मिति: २०८१।०२।२०
ने.सं. ११४४,बछलागा,दशमी

श्री जो-जस सँग सम्वन्धित छ ।

विषयः आर्थिक कारोवार बन्द हुने सम्वन्धमा ।

प्रस्तुत विषयमा यस सुनिलस्मृति गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ का लागि स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि यस गाउँपालिका सँग सम्झौता गरी सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३०(१) बमोजिम आर्थिक बर्ष समाप्त हुनु भदा ७ (सात) दिन अगावै भुक्तानी दिइ निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने,कर दाखिला गर्नुपर्ने,संघीय तथा प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने अनुदान रकम फिर्ता गरी सो को भौचर कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने भएकाले मिति २०८१।०३।१० गते भित्र सम्झौता बमोजिमका सम्पूर्ण कामहरु सम्पन्न गरी नियमानुसार भुक्तानीका लागि फाइल पेश गरी मिति २०८१।०३।१५ गते भित्र अनिवार्य भुक्तानी लिइसक्न सम्वन्धित सवैमा अनुरोध गरिन्छ । तोकिएको समयसीमा भित्र भुक्तानीका लागि फाइल पेश नगरेको कारणबाट रकम भुक्तानी हुन नसकेमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

नोटः उल्लेखित समयावधी भन्दा पछि संघ वा प्रदेश सरकारबाट थप निर्देशन भएमा भने सोही बमोजिम हुनेछ ।

२०८१।२।२०
(गोबिन्द भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ**

श्री अध्यक्ष ज्यू, सुनिलस्मृति गाउँपालिका
श्री उपाध्यक्ष ज्यू, सुनिलस्मृति गाउँपालिका

**कार्यार्थ**

श्री योजना तथा अनुगमन शाखा, आवश्यक समन्वय र सहजीकरण गर्नुहुन ।
श्री सुचना प्रविधि शाखा, सूचना तथा जानकारी गर्नुहुन ।